नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ५, अंक ३, असार



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन




**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. दिवेश लोहनी

**सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**
प्र.स.नि. भुवन तिमिल्सैना
प्र.ह. ज्ञानु बोहरा

# विषय सूची

| | |
|---|---|
| विभागीय गतिविधि | १ |
| मासिक अपराध तथ्याङ्क | २ – ७ |
| प्रहरी सेवा प्रवाह | ८ – ९ |
| खोजतलास तथा समन्वय | १० |
| अपराध अनुसन्धानमा सहायता प्रदान | ११ – १२ |
| अपराध समाचार | १३–१६ |
| उत्कृष्ट अनुसन्धान | १७ |

# विभागीय गतिविधि

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहबाट राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको निरीक्षण तथा निर्देशन



*काठमाडौं, ८ असार*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको निरीक्षण गर्नुभएको छ । सो क्रममा उहाँले प्रतिष्ठानस्थित आन्तरिक कक्षा कोठा, प्रशिक्षार्थी ब्यारेक, मेस, पुस्तकालयको साथै प्रहरी निरीक्षक आधारभूत तालिमका प्रशिक्षार्थीहरूको कवाज एवम् प्रतिष्ठान परिसरमा अवस्थित अपराध अनुसन्धान विद्यालयको समेत निरीक्षण गर्नुभयो । साथै प्रहरी महानिरीक्षक सिंहले सोही अवसरमा प्रतिष्ठान परिसरस्थित बाधापार इलाकामा वृक्षरोपण समेत गर्नुभयो ।

निरीक्षण पश्चात आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले नेपाल प्रहरी शिक्षालय भरतपुर, काठमाडौं उपत्यका प्रहरी शिक्षालय महाराजगंज, नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाह नवलपरासी र ७ वटै प्रदेश प्रहरी तालिम केन्द्रका प्रतिनिधिहरूलाई प्रहरी सहायक निरीक्षक र प्रहरी जवान आधारभूत तालिमहरूको प्रशिक्षण म्यानुअल हस्तान्तरण गर्नुभयो ।

प्रहरी महानिरीक्षक सिंहले प्रहरी कर्मचारीहरूलाई निर्देशन सम्बोधनको क्रममा नवप्रवेशीलाई प्रहरी बनाउन र उन्नत तालिमका प्रशिक्षार्थीहरूलाई व्यावसायिक बनाउन प्रशिक्षकको भूमिका अहम हुने तथा यस गहन जिम्मेवारी बोकेका प्रशिक्षकले सदैव उत्प्रेरित भएर प्रशिक्षणमा केन्द्रीत हुनुपर्ने बताउनुभयो । साथै उहाँले प्रतिष्ठान परिसरमा उच्चस्तरको अनुशासन प्रस्तुत गर्न निर्देशन दिनुभयो ।

प्रहरी महानिरीक्षक सिंहले प्रशिक्षार्थीलाई तालिमप्रति उत्प्रेरित गर्न प्रशिक्षण वातावरण, प्रशिक्षार्थीले पाउने सुविधा, प्रशिक्षण सामग्रीको उपलब्धता, प्रशिक्षार्थीप्रतिको व्यवहार लगायतका तत्वहरू हुनुपर्ने उल्लेख गर्दै प्रशिक्षणमैत्री वातावरण बनाउन प्रतिष्ठान केन्द्रीत हुनुपर्नेमा जोड दिनुभयो ।

उक्त अवसरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक मुकुन्द राज आचार्यले धन्यवाद ज्ञापन गर्दै संगठन प्रमुखबाट प्राप्त निर्देशन कार्यान्वयनका लागि प्रतिष्ठानमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारी प्रतिवद्ध रहेको बताउनुभयो । कार्यक्रममा प्रतिष्ठानका प्रहरी नायव उपरीक्षक रबिन्द्र नाथ पौडेलले प्रतिष्ठानको गतिविधि, चुनौती र अपेक्षा सहितको प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू लगायत प्रहरी अधिकृत तथा जवानहरूको उपस्थितिको साथै नेपाल प्रहरी शिक्षालय भरतपुर, नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाह नवलपरासी र ७ वटै प्रदेश प्रहरी तालिम केन्द्रका प्रमुखहरूको भर्चुअल उपस्थिति रहेको थियो ।

## १७ जना प्रहरी नायव महानिरीक्षकहरु दर्ज्यानी चिन्हबाट सुशोभित



*काठमाडौं, १९ असार*

नेपाल सरकार (मन्त्रीस्तर) को २०७९ असार १७ गतेको निर्णयले प्रहरी वरिष्ठ उपरीक्षकबाट प्रहरी नायव महानिरीक्षक पदमा पदोन्नति हुनुभएका १७ जना प्रहरी नायव महानिरीक्षकहरू दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ ।

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोह बीच उहाँहरूलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको हो ।

दर्ज्यानी चिन्हद्वारा सुशोभित हुने प्रहरी नायव महानिरीक्षकहरूमा बसन्त बहादुर कुँवर, टेक प्रसाद राई, अशोक सिंह, दिपक थापा, श्यामलाल ज्ञवाली, किरण बज्राचार्य, सन्दिप भण्डारी, सुदिप गिरी, मिरा चौधरी, टेक बहादुर तामाङ, उमेश राज जोशी, भिम प्रसाद ढकाल, रामदत्त जोशी, पोषराज पोखरेल, बुद्धिराज गुरुङ, दुर्गा सिंह र किरण राणा रहनुभएको छ ।


समारोहमा प्रहरी महानिरीक्षक सिंहले पदोन्नति भएका प्रहरी नायव महानिरीक्षकहरूलाई बधाई दिँदै भविष्यमा नेपाल प्रहरी संगठनको उच्च तहमा पुग्न सक्षम भएको प्रमाणित गराउने गरी काम गर्दै प्राप्त जिम्मेवारी उपरको कार्यसम्पादनमा खरो रूपमा उत्रनुपर्ने बताउनुभयो । साथै उहाँले पदोन्नति पछिका दिनहरू अझ चुनौतीपूर्ण रहेकोले प्राप्त जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रहरी महानिरीक्षक सिंहले संगठनका सीमित पदमा मात्र पदोन्नति गर्नुपर्ने वाध्यता भएको चर्चा गर्दै पदोन्नतिमा छुटेका प्रहरी अधिकृतहरूले अझ व्यावसायिकताका साथ दत्तचित्त भएर कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो। साथै प्रहरी महानिरीक्षक सिंहले मालदिभ्समा आयोजना भएको एसियन जुनियर एण्ड क्याडेट टेबलटेनिस च्याम्पियनसीप २०२२ मा रजत पदक प्राप्त गर्नुभएकी नेपाल पुलिस क्लबमा आवद्ध टेबलटेनिस खेलाडी शुभश्री श्रेष्ठलाई प्रशंसापत्रद्वारा सम्मान समेत गर्नुभयो ।


उक्त अवसरमा पदोन्नति भएका अधिकृतहरूको तर्फबाट मन्तव्य व्यक्त गर्दै प्रहरी नायव महानिरीक्षक बसन्त बहादुर कुँवरले कर्मको जीवन दिने आमारूपी नेपाल प्रहरी संगठनप्रति सदैव इमानदार, बफादार र पेशागत व्यावसायिक निष्ठा कायम राखी जुनसुकै किसिमको गैर व्यावसायिक आचरण, व्यवहार, हाउभाउ र जीवनशैलीप्रति शून्य सहनशिलता अपनाउँदै सांगठनिक लक्ष्य हाँसिल गर्ने गरी काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू, प्रहरी अधिकृत एवं जवानहरूको समेत उपस्थिति रहेको थियो ।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको असार महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या ( वैशाख - असार )



## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (बैशाख - असार)





## अपराध तंथ्याक (०७५/०७६ देखि ०७८/०७९ असार सम्म):




## जघन्य अपराधको प्रदेशगत विश्लेषण

### (आ.व २०७८/०७९ असार सम्म)





## गम्भीर अपराधको प्रदेशगत विश्लेषण


### (आ.व २०७८/०७९ असार सम्म)




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण
### (आ.व २०७८/०७९ असार सम्म)





## असार महिनामा घरेलु हिंसा सम्बन्धि तथ्याङ्क विश्लेषण:



## असार महिनामा जबरजस्ती करणी अपराधमा पिडित र अभियुक्तको सम्बन्ध बिश्लेषण





## असार महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:




## असार महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेश/ उपत्यका /ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाडौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ३४ | ४ वर्ष ९ महिना २४ दिन | १,८९,१४,२०६ |
| २. | १ नं.प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३१८ | ८८ वर्ष ०३ महिना २४ दिन | ८०,००,५१८ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २६४ | ९६ वर्ष ११ महिना ७ दिन | ३८,२४,८९५ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ४३ | २४ वर्ष २ महिना १४ दिन | २३०७३७७ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १९ | २३ वर्ष १० महिना ६ दिन | १५११४२५ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | ३८ | ५६ वर्ष ० महिना २५ दिन | १४४२४० |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १८ | ६ वर्ष २ महिना ५ दिन | २१४७८१४ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १ | १ वर्ष ० महिना ० दिन | ० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १८ | ३८ वर्ष ४ महिना ८ दिन | ५६९५२००० |
| | **जम्मा** | ७५३ जना | ३३९ वर्ष ८ महिना २३ दिन | रु.९,३८,०२,४७५ |

## असार महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## जेठ र असार महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या




# प्रहरी सेवा प्रवाह

## असार महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण




## सामुदायिक प्रहरी गतिविधि

असार महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)



# आसरा सुधार केन्द्र

## असार महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण

| सि.नं. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत संख्या |
|---|---|---|---|---|
| १ | आसरा सुधार केन्द्र, रानीबारी | ३७ जना | ३२ जना | १२० जना |
| २ | महिला आसरा सुधार केन्द्र, तिलगंगा | नभएको | नभएको | नभएको |

## असार महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | ०१ जना |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | १५ जना |
| ३ | हराएका विदेशी नागरिक | ०१ जना |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ६,१३४ जना |
| ५ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहिका लागी अध्यागमन कार्यालय पठाईएको | ०१ जना |

### इन्टरनेटमा सुरक्षित रहन के गर्ने, के नगर्ने ?

- ✔ बलियो पासवर्ड राख्ने, बेला बेलामा फेर्ने र पासवर्ड कसैलाई पनि नदिने ।
- ✔ सामाजिक सञ्जालमा प्राइभेसी सेटिङ्ग मिलाएर गोप्य कुरा सुरक्षित राख्ने ।
- ✔ दुःख दिने खराब 'अनलाइन साथी'लाई ब्लक गर्नुका साथै रिपोर्ट गर्ने ।
- ✔ अनलाईनमा कसैले दुःख दिए आमाबुबा, सर/मिस वा विश्वासिलो साथीलाई भन्ने ।
- ✘ राम्ररी नचिनेकालाई अनलाईनमा साथी नबनाउने ।
- ✘ अनलाईनमा बनाइएका साथीसँग फोन नं र गोप्य राख्नु पर्ने कुरा शेयर नगर्ने ।
- ✘ आफूलाई नराम्रो र अप्ठ्यारो पार्न सक्ने फोटो र भिडियो फोन, कम्प्यूटर र फेसबुकमा नराख्ने, अरुलाई नपठाउने ।

मद्दत आवश्यक परेमा १०० मा फोन सकिन्छ । यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन ।


### बालबालिकाका लागि सुरक्षित इन्टरनेट





- इन्टरनेटमा बालबालिकाका लागि कस्ता खतरा हुन सक्छन् - जानी राखौं ।
- इन्टरनेटमा के के गर्दा नराम्रा कुराबाट जोगिन सकिन्छ - थाहा पाऔं ।
- इन्टरनेटको सुरक्षित प्रयोग गरौं, आफू बचौं र अरुलाई पनि बचाऔं ।

# खोजतलास तथा समन्वय

### असार महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




### असार महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट असार महिना भित्र बिभिन्न २१ वटा मुद्दा शिर्षक (आत्महत्या, कर्तब्य ज्यान, जबरजस्ती करणी, ज्यान सम्बन्धी कसुर, ठगी, बाल यौन दुरुपयोग, बिद्युतीय कसुर, मानव बेचबिखन, लागु औषधी, आत्महत्या दुरुत्साहन, नखुलेको ज्यान सम्बन्धि, सवारी ज्यान, लुटपाट, क्रिप्टो करेन्सी, कल बाईपास, जुवा, सट्टेवाजी, अवैध मुद्रा सम्बन्धि कसुर, आपराधिक लाभ, भवितब्य ज्यान, अभद्र ब्यवहार) अन्तर्गत ८८ वटा मुद्दाको ४२७ वटा सबुदहरु परीक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा

- असार महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघिय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरु संग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७९/०३/०१ गते देखि ऐ.३२ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागी **७१५** केशहरु र ३८४४ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी **८०१** परीक्षण गरिएको।
- (AFIS) मा **१८९७** Data Entry भएको।

## केनाईन महाशाखा, महाराजगञ्ज

### असार महिनामा परिचालित मासिक ड्युटी संख्या








# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### पिक प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

*बारा, ३ असार*

कलैया उपमहानगरपालिका-९ बस्ने ७२ वर्षीय अहमद मियाँ चुडिहारको पिक प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३१ वर्षीय बजरंगी साह तुरहालाई प्रहरीले पक्राउ गरेको छ।

सोही ठाउँस्थित आँप बगैचामा रहेको फुसको छाप्रो घरमा अहमदलाई जेठ २७ गते हत्या गरी ढोकामा बाहिरबाट ताल्चा लगाई राखेको अवस्थामा शव फेला परेको थियो। घटनाको अनुसन्धान गर्ने क्रममा बजरंगीले हत्या गरी मृतकसँग भएको मोवाइल तथा नगद समेत खोसी फरार भएको खुल्न आएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो।

उनी उपर ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा जिल्ला अदालत बाराबाट ५ दिन म्याद थप अनुमती लिइ थप अनुसन्धान भइरहेको छ।

### आफ्नै हजुरआमाको हत्या गरेको अभियोगमा पक्राउ

*खोटाङ, १० असार*

आफ्नै हजुरआमा जन्तेढुङ्गा गाउँपालिका-५ चिसापानी खुट्टा डढुवा घर भई हाल सुनसरी ईटहरी उपमहानगरपालिका-१६ बालग्राम चौकमा डेरा गरी बस्ने ७७ वर्षीया तुलसा खड्काको हत्या गरेको अभियोगमा झापा गौरादह नगरपालिका-३ धोबिनी चोक बस्ने हरि भन्ने २९ वर्षीय निर बहादुर खड्कालाई प्रहरीले पक्राउ गरेको छ।

खोटाङ बराहपोखरी गाउँपालिका-५ पानिटारस्थित दुधकोशी नदीको बगरमा बालुवाको खाल्डोभित्र तुलसाको शव फेला परेको घटनाको अनुसन्धानको क्रममा उनकै नाती निर बहादुर खड्काले हत्या गरेको खुल्न आएपछि जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरीले झापा मेचीनगर नगरपालिका-६ काँकडभिट्टास्थित नेपाल भारत सिमा क्षेत्रमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो। अनुसन्धानको क्रममा निर बहादुरले हजुरआमालाई वैशाख २६ गते ईटहरीबाट खोटाङ चिसापानीतर्फ लैजादै गर्दा बराहपोखरी गाउँपालिका-५ पानीटारस्थित दुधकोशी नदीको बगरमा हत्या गरी खाल्डोमा पुरेर फरार भएको खुल्न आएको छ। उनी उपर कर्तव्य ज्यान कसूर मुद्दामा जिल्ला प्रहरी कार्यालय खोटाङबाट थप अनुसन्धान भइरहेको छ।

### कर्तव्य ज्यान तथा डाँका चोरी मुद्दामा संलग्न फरार अभियुक्त पक्राउ

*काठमाडौं, १० असार*

कर्तव्य ज्यान तथा डाँका चोरी मुद्दामा संलग्न फरार अभियुक्त काठमाडौं महानगरपालिका -७ गौरिघाट बस्ने २५ वर्षिय बिबेक मल्ललाई प्रहरीले प्रकाउ गरेको छ।

मोरङ सुन्दर हैरचा नगरपालिका ९ घर भई काठमाडौं महानगरपालिका -७ कुमारीगाल बस्ने १९ वर्षिय उज्वल काफ्ने २०७७ जेठ २९ गते मृत फेला परेको घटनाको अनुसन्धानको क्रममा मृतकलाई बिबेक मल्लले मेथाडोन नामको औषधी खूवाउँदा मृत्यु भएको खुल्न आएको तथा उपत्यकाको विभिन्न ठाउँमा डाँका चोरी मुद्दा फरार भएका मल्ललाई काठमाडौ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उदयपुर कटारी नगरपालिका -६ चुहाडबाट पक्राउ गरेको हो। उनलाई थप आवश्यक कानूनी कारबाहीको लागि प्रहरी बृत्त गौशालामा पठाइएको छ।

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*मोरङ, १८ असार*

आफ्नै श्रीमती ३१ वर्षीया बबिता मल्लिकको हत्या गरेको अभियोगमा रंगेली नगरपालिका-१ बिर्ताबजार बस्ने तिलका मल्लिकलाई प्रहरीले पक्राउ गरेको छ। घरायसी विवादका कारण बबितालाई मट्टीतेल छर्की आगो लगाई फरार भएका तिलकालाई ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी पक्राउ गरेको हो। आगोले जलेर घाइते भएकी बबिताको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ। आगलागीबाट घरमा रहेका लत्ताकपडा, भाडावर्तन अन्नपात समेत जलेर करिब २ लाख रुपैयाँ बराबरको धनमालन नष्ट भएको छ।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर सम्बन्धी

### पोर्चुगल पठाइ दिन्छु भनी नक्कली कागजात दिई ठगी गर्ने पक्राउ

*काठमाडौं, १ असार*

पोर्चुगल पठाई दिन्छु भनी नक्कली कागजात समेत दिई ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-४ बालुवाटार घर भई टोखा नगरपालिका-६ ग्राण्डी बस्ने रोहित प्रजापति भन्ने ३५ वर्षीय रोजित श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

रोजितले काठमाडौं महानगरपालिका-४ बालुवाटारमा संयुक्त नेपाल अनाथ आश्रम असहाय समाज संस्था संचालन गरेका छु, आफू उक्त संस्थाको केन्द्रीय अध्यक्ष हुँ, पोर्चुगलमा संस्थाको सेमिनार हुन लागेकोले तपाई लगायत तपाईको आफन्तहरु जाने भए म पोर्चुगल पठाईदिन्छु, काम लगाई दिन्छु भनी विश्वास दिलाई प्रलोभनमा पारी भिषा प्रोसेसिङ एवं हवाई टिकटको लागि ८ जना पीडितहरूबाट ३३ लाख ५० हजार रुपैयाँ रकम लिई ठगी गरेको भन्ने जाहेरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले रोहितलाई बालुवाटारबाट पक्राउ गरेको हो। साथै पीडितहरूको नाममा जारी गरिएका हवाई टिकट तथा भिषाहरू नक्कली भएको अनुसन्धानको क्रममा खुल्न आएको छ। उनलाई आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

### बैंकिङ कसूर मुद्दाका फरार २ जना प्रतिवादी पक्राउ

*काठमाडौं, १७ असार*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी ललितपुर महालक्ष्मी नगरपालिका-१ इमाडोल बस्ने महोत्तरी लोहरपटी नगरपालिका-७ घर भएका २८ वर्षीय गौरभ शर्मा र काठमाडौं तारकेश्वर नगरपालिका-१० मनमैजू बस्ने धादिङ नेत्रवती डबजोङ गाउँपालिका-५ घर भएका ३१ वर्षीय प्रेम बहादुर गुरुङलाई प्रहरीले पक्राउ गरेको छ।

बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको २०७९ वैशाख ५ गतेको फैसलाले शर्मालाई ११ दिन कैद र ५५ लाख रुपैयाँ जरिवाना तथा २०७९ वैशाख ४ गतेको फैसलाले गुरुङलाई २ दिन कैद र ९ लाख ९० हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनीहरुलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-४ बालुवाटारबाट पक्राउ गरेको हो। उनीहरुले पर्याप्त मौज्दात रकम नभएको खाताबाट रकम भुक्तान हुने भनी जानी-जानी पीडितलाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेकोमा अदालतले उक्त फैसला गरेको थियो। उनीहरूलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको छ।

### मन्दिरबाट विभिन्न धनमाल चोरी

*काठमाडौं, २३ असार*

काठमाडौं महानगरपालिका-१ नक्साल नागपोखरीस्थित श्री सन्तोषी माताको मन्दिरबाट सुनको हार १ थान, सुनको तिलहरी ५ थान, चाँदीको मुकुट १ थान, चाँदीको कम्मरमा लगाउने पेटी १ थान, चाँदीको विभिन्न गरगहना र चन्दा बाकसमा रहेको नगद करिब ५० हजार रुपैयाँ गरी करिब १२ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । चोरीमा संलग्न हाल फरार रहेका व्यक्तिहरुको प्रहरीले खोजी गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ।

### स्रोत नखुलेको रकम सहित २ जना पक्राउ

*पर्सा, २६ असार*

वीरगंज महानगरपालिका-१५ बसपार्कबाट स्रोत नखुलेको नगद ४ लाख ५६ हजार ९ सय रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बिहार मोतिहारी ग्राम अठमुहान बस्ने २७ वर्षीय तबरेज आलम र २९ वर्षीय जमालुदिन अंसारी रहेका छन् । वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरीले अनटेष्ट लेखिएको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## यौन जन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*तनहुँ, ७ असार*

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा म्याग्दे गाउँपालिका-५ थाङ्दी डेरा गरी बस्ने गोरखा चुनमुवी गाउँपालिका-३ घर भएका ४३ वर्षीय चन्द्र बहादुर गुरूङलाई प्रहरीले पक्राउ गरेको छ ।

गुरुङले ती बालिकालाई गत बैशाख १६ गते जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### अपहरण तथा जबरजस्ती करणी मुद्दामा फरार व्यक्ति पक्राउ

*बारा, ८ असार*

अपहरण, शरीर बन्धक, जबरजस्ती करणी एवम् मानव वेचबिखन तथा ओसार पसार मुद्दामा संलग्न रही वारदात पश्चात फरार रहेका कलैया उपमहानगरपालिका- ७ बेरवा टोल बस्ने १९ वर्षीय ईर्साद अंसारीलाई प्रहरीले पक्राउ गरेको छ ।

अंसारी समेत ३ जनाले १६ वर्षीया किशोरीलाई कलैया उपमहानगरपालिका-१ बाट डर त्रास देखाई अपहरण गरी भारतको लुधियानामा लगि बन्धक बनाई जबरजस्ती करणी तथा मानव वेचबिखन तथा ओसार पसार समेतको कसूर गरी फरार रहेको घटनामा संलग्नमध्ये अंसारीलाई जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले कलैया उपमहानगरपालिका-५ स्थित लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत बारामा पेश गरिएकोमा अदालतको आदेशनुसार मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय वीरगंजमा पठाइएको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बारा, ९ असार*

५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जितपुरसिमरा उपमहानगरपालिका-२२ चकरी बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ ।

किशोरले ती बालिकालाई घरमा कोही नभएको अवस्थामा ललाई फकाई जंगलमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय अमलेखगन्जबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*पाल्पा, १३ असार*

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रिप्दिकोट गाउँपालिका-६ वाङ्गसुरुङ बस्ने ३१ वर्षीय भक्त बहादुर झेडी मगरलाई प्रहरीले पक्राउ गरेको छ ।

भक्त बहादुरले ती बालिकालाई स्थानीय वाङ्गसुरुङ सामुदायिक जंगलमा ललाई फकाई लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मुझुङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## लागू औषध सम्बन्धी

### ५१ किलोग्राम अवैध लागूऔषध हेरोइन सहित ७ जना विदेशी नागरिक पक्राउ

*काठमाडौं, २ असार*

अवैध लागूऔषध ५१ केजी हेरोइन सहित ७ जना दक्षिण अफ्रिकन नागरिकलाई लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले पक्राउ गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा निरन्तर एक साताको निग्रानीका क्रममा काठमाडौं ठमेल तथा वरपरका होटलबाट पक्राउ परेका उनीहरुलाई सोही ब्यूरोले पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेहरूमा दक्षिण अफ्रिकन नागरिकहरू राहदानी नम्बर ए०९८२४५७० वाहक २९ वर्षीया SIBISI THANDEKILE, राहदानी नम्बर ए०६३७६९८१ बाहक ४६ वर्षीया MURIEL QEDUKWAZI THEMBENI NSAMBA, राहदानी नम्बर ए०५८८५७०२ वाहक ३९ वर्षीया TSHABALALA KHANYISILE YVONNE, राहदानी नम्बर ए०९८२०५२१ वाहक ३६ वर्षीया ROSINAH NONQELE JANTJE, राहदानी नम्बर ए०९८३२६८६ वाहक २९ वर्षीया MAHLAKO MAUREEN MATHIBA, राहदानी नम्बर ए०९२५२१४६ वाहक ३७ वर्षीया MOROESI SUZAN KOFU र राहदानी नम्बर ए०९१८६०३४ वाहक ३० वर्षीया MARLESE BADENHORST रहेका छन् ।

उनीहरूमध्ये SIBISI THANDEKILE र MURIEL QEDUKWAZI THEMBENI NSAMBA लाई १६ केजी सेतो हेरोइन, TSHABALALA KHANYISILE YVONNE लाई ८ केजी सेतो हेरोइन, ROSINAH NONQELE JANTJE लाई ८ केजी सेतो हेरोइन, MAHLAKO MAUREEN MATHIBA लाई ७ केजी सेतो हेरोइन सहित जेठ ३० गते पक्राउ गरेको हो । साथै MOROESI SUZAN KOFU लाई ४ केजी सेतो हेरोइन र २ केजी खैरो हेरोइन तथा MARLESE BADENHORST लाई ६ केजी सेतो हेरोइन सहित जेठ ३१ गते पक्राउ गरेको हो ।

लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा रहेका विभिन्न निकाय तथा ईकाईहरूसँग समन्वय गरी काठमाडौं ठमेल तथा वरपरका एरियामा संचालन गरेको एक हप्ता कारवाहीको क्रममा विभिन्न मितिमा फ्लाई दुबई र कतार एयरलाइन्सको उडानद्वारा काठमाडौं आएका उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीबाट थप अनुसन्धान भइरहेको छ ।

## २७० किलोग्राम अवैध लागूऔषध गाँजा सहित २ जना पक्राउ

*पर्सा, २३ असार*

वीरगञ्ज महानगरपालिका-२१ परवानीपुरबाट २ सय ७० किलोग्राम अवैध लागूऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत मोतिहारी ग्राम सेमरी वडा नम्बर ११ ठेगाना भएका २७ वर्षीय विजेश कुमार यादव र भारत विहार पूर्वी चम्पारण पलडवा ठेगाना भएका ५० वर्षीय धर्मेन्द्र यादव रहेका छन्। परवानीपुरको बाटो हुँदै लागूऔषध गाँजा ओसार पसार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले यूपी २१ एएन ९९५७ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा क्यावीनमा लुकाई राखेको अवस्थामा उक्त गाँजा फेला पारी ट्रकमा सवार उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*पर्सा, ३२ असार*

पर्सा, वीरगंज महानगरपालिका-२५ सिर्सियास्थित सडकबाट एनएल ०२ जि ३७९१ नम्बरको ट्रकबाट करिब २ सय ५० केजी अवैध लागूऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ट्रक चालक भारत मोतिहारी बागरा गाउँ बस्ने २५ वर्षीय साहेब आलम र ट्रकमा सवार सोही ठाउँ बस्ने २८ वर्षीय मन्तेजिर आलम रहेका छन्। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले सो ट्रक तलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

# अन्य अपराध

## कस्तुरीको बिना सहित पक्राउ

*काठमाडौं, २४ असार*

काठमाडौं महानगरपालिका-७ चाबहिलस्थित सडकबाट कस्तुरीको बिना सहित पाँचथर तुमविया गाउँपालिका-५ घर भई हाल काठमाडौं कपन बस्ने ४२ वर्षीय शिव लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ।

उक्त स्थानामा बा.८२ प ५७९ नम्बरको मोटरसाइकलमा कस्तुरीको बिना लुकाई राखेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त गौशलाबाट खटिएको प्रहरीले लिम्बुलाई उक्त बिना सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## कटुवा पेस्तोल र गोली सहित २ जना पक्राउ

*काठमाडौं, ११ असार*

काठमाडौं महानगरपालिका-२६ मित्रनगरस्थित क्याफेबाट १ थान कटुवा पेस्तोल र १ थान गोलीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा नवलपरासी बर्दघाट नगरपालिका-१४ घर भएका ३० वर्षीय राजु विक र बाँके खजुरा गाउँपालिका-१ घर भएकी २१ वर्षीया अस्मिता विक रहेका छन्। विशेष सूचनाको आधारमा प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले क्याफेमा खानतलासी गर्दा उनीहरूलाई उक्त पेस्तोल र गोली सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## हात्तीको दाह्रा ओसारपसार तथा बेचबिखन कसूरका फरार व्यक्ति पक्राउ

*काठमाडौं, ३० असार*

संरक्षित वन्यजन्तु हात्तीको दाह्रा ओसारपसार तथा वेचबिखन कसूरमा संलग्न रही फरार रहेका झापा अर्जुनधारा नगरपालिका-३ खुदुनावारी बस्ने ईलाम झरनाचोक घर भएका २५ वर्षीय रमेश राईलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-३ चक्रपथस्थित होटेल ओदानमा संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रुपमा ओसारपसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा २०७८ फागुन २७ गते केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले १५ किलो ६८ ग्राम हात्तीको दाह्रा सहित ३ जनालाई पक्राउ गरी आवश्यक कानुनी कारवाहीका लागि डिभिजन वन कार्यालय हात्तीसार काठमाडौंमा पठाएको थियो। अनुसन्धानको क्रममा सोही कसूरमा संलग्न रहेको खुल्न आई फरार रहेका रमेशलाई सोही व्यूरोबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय झापाको सहयोगमा झापा खुदुनावारीबाट पक्राउ गरेको हो। रमेशलाई समेत आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय हात्तिसार काठमाडौंमा पठाइएको छ।

## यूट्युब च्यानलमार्फत अश्लिलता झल्कने सामग्री प्रसारण गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, २१ असार*

यूट्युब च्यानल मार्फत अश्लिलता झल्कने सामग्री प्रसारण गरेको अभियोगमा काठमाडौं महानगरपालिका-६ बौद्ध तीनचुले बस्ने नुवाकोट बेलकोटगढी नगरपालिका-७ महादेवफाँट घर भएका २२ वर्षीय प्रवेश लामालाई प्रहरीले पक्राउ गरेको छ।

4 Real TV नामक यूट्युब च्यानल मार्फत अश्लिल शीर्षक राखी समाजमा अश्लिलता फैलाउने किसिमका भिडियोहरु बनाई उक्त च्यानल लगायत सामाजिक सञ्जालमा प्रसारण गरी विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा लामालाई नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनी उपर काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ।

## दुबई पठाईदिन्छु भनी रकम ठगी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १ असार*

दुबई पठाईदिन्छु भनी रकम ठगी गरेको अभियोगमा मुगु खत्याड गाउँपालिका-११ घर भई हाल काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका मुलपानी बस्ने ३१ वर्षीय निराजन कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं सिफलस्थित भिजन मल्टिपर्पोज प्रालिका संचालक कार्कीले दुबई (युएई)मा जानको लागि ७ लाख रुपैयाँ लाग्छ, दुबई पुगेपछि प्रतिष्ठित कम्पनीमा आर्मस गार्डको काम लगाइदिन्छु मासिक १ लाख तलव हुन्छ भनी विश्वास दिलाई प्रलोभनमा पारी पीडितबाट ७ लाख रूपैयाँ रकम लिई सम्पर्क विहीन भएका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-३१ नयाँबानेश्वरबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौ पठाइएको छ।

## नाटकीय अपहरणमा २० लाख रुपैयाँ फिरौती माग गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ७ असार*

नाटकीय अपहरणको नाममा २० लाख रुपैयाँ फिरौती माग गरेको अभियोगमा ललितपुर ईमाडोल डेरा गरी बस्ने सप्तरी राजगढ गाउँपालिका-३ ठेगाना भएका ३१ वर्षीय कृष्ण कुमार शर्मालाई प्रहरीले पक्राउ गरेको छ।

आईएमईबाट रकम पठाउन भन्दै गत बुधबार डेरा कोठाबाट निस्केका कृष्ण कुमार मोबाईल स्वीच अफ भई सम्पर्क विहिन भएको र खोजी गर्दा फेला नपरेको भनि प्रहरी वृत्त सातदोबाटोमा निवेदन दिएकोमा निजले प्रयोग गर्ने सामाजिक सञ्जाल ईमोबाट कृष्ण कुमार अपहरणमा परेको र २० लाख रुपैयाँ फिरौती दिए अपहरण मुक्त गरिदिने र घटनाबारे प्रहरीलाई खबर गरेमा वा २ दिनभित्र मागेको रकम नदिएमा ज्यान मार्ने धम्की पूर्ण म्यासेज र अपहरण परेको भिडियो बनाइ डरत्रास देखाइएको थियो।

घटनाको जानकारी पश्चात काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्दै जाँदा आफ्नो घर

परिवारलाई डरत्रास देखाई दबाब दिन आफूलाई अपहरण गरेको म्यासेज तथा भिडियो आफ्नो परिवारलाई पठाई कृष्ण कुमारले नै नाटकीय अपहरण गरेको म्यासेज तथा भिडियो बनाएको खुल्न आएपछि जिल्ला प्रहरी कार्यालय मोरङसँगको समन्वयमा विराटनगरबाट उनलाई पक्राउ गरेको हो । उनीलाई सार्वजनिक उपद्रयाई गर्न नहुने कसूर अन्तर्गत थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त सातदोबाटो पठाइएको छ।

## चिकित्सकको प्रेस्क्रिप्सन बिना औषधि बेचबिखन गर्ने फार्मेसी सञ्चालकसहित ४ जना पक्राउ

*काठमाडौं, ८ असार*

लागूऔषध दूर्व्यसनमा परेका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्क्रिप्सन बिना औषधि बेचबिखन गर्ने फार्मेसी सञ्चालक सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा धादिङ गंगाजमुना गाउँपालिका-५ घर भई हाल काठमाडौं तारकेश्वर नगरपालिका-५ लोलाङस्थित गंगाजमुना फार्मेसी संचालन गरी बस्ने ४२ वर्षीय डिल बहादुर कार्की, नुवाकोट ककनी गाउँपालिका-१ स्थायी वतन भएका २२ वर्षीय राज कुमार तामाङ, २२ वर्षीय सानु तामाङ र काठमाडौं तारकेश्वर नगरपालिका-५ गोलढुङ्गा बस्ने २४ वर्षीय संजय पुतुवार रहेका छन्।

गंगाजमुना फार्मेसीमा बिना इजाजत अवैध रूपमा औषधिहरु वेचबिखन गर्ने गरेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा संलग्नता देखिएपछि उनीहरूलाई पक्राउ गरेको हो । साथै फार्मेसीबाट स्पास्पेन ४ सय ५० ट्याब्लेट, ट्रमा २ सय ४० ट्याब्लेट र ट्रमाडोल ५ सय क्याप्सुल प्रहरीले बरामद गरेको छ । उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि औषधि व्यवस्था विभाग बिजुलीबजार काठमाडौंमा पठाइएको छ।

## भालुको पित्त जस्तो देखिने आखेटोपहार सहित २ जना पक्राउ

*काठमाडौं, १९ असार*

संरक्षित वन्यजन्तु भालुको पित्त जस्तो देखिने २ थान आखेटोपहार सहित अर्घाखाँची पाणिनी गाउँपालिका-२ बस्ने ५३ वर्षीय हरिओम रसाइली र रूपन्देही बुटवल उपमहानगरपालिका-३ बस्ने ३२ वर्षीय भजिन्द्र दर्जीलाई प्रहरीले पक्राउ गरेको छ।

संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रुपमा ओसारपसार तथा बेचबिखन हुन लागेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले उनलाई गोकर्णेश्वर नगरपालिका-५ जोरपाटी, नयाँबस्तीबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय काठमाडौंमा बुझाईएको छ।

## "Say No To Drugs"

-Nepal Police

## छुट्टाछुट्टै स्थानबाट विभिन्न हातहतियार सहित ४ जना पक्राउ

*काठमाडौं, १४ असार*

ललितपुर, महालक्ष्मी नगरपालिका-४ ईमाडोल पिपलबोटबाट १ थान पेस्तोल र सोको २ राउण्ड गोली सहित सोही नगरपालिका-८ लुभु बस्ने ५३ वर्षीय श्याम कृष्ण श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी प्रभाग ईमाडोलबाट खटिएको प्रहरीले उक्त ठाउँमा पार्किङ गरी राखेको प्रदेश ३-०२-०१५ प ६५४१ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा डिकीभित्र लुकाई राखेको उक्त हातहतियार फेला पारी उनलाई पक्राउ गरेको हो।

धादिङ, खनियावास गाउँपालिका-२ अक्थलीबाट म्याग्जिन सहितको १ थान पेस्तोल र १ थान खुकुरी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने सोही गाउँपालिका-२ झार्लाङ घर भएका २५ वर्षीय सुनिल तामाङ र सोही ठाउँ बस्ने २५ वर्षीय अविनाश तामाङ रहेका छन् । उनीहरूले पेस्तोल राखेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धादिङबाट खटिएको प्रहरीले कोठा जाँच गर्ने क्रममा झोलामा लुकाई राखेको अवस्थामा उक्त हतियार फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

धनुषा, जनकपुर उपमहानगरपालिका-९ थापाचोक बस्ने ३७ वर्षीय मनिष कुमार अधिकारीलाई १ थान पेस्तोल र १ सोको १ राउण्ड गोली सहित प्रहरीले पक्राउ गरेको छ। घरायसी बिवादको कारण अधिकारीले पेस्तोलबाट १ राउण्ड हवाई फायर गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उक्त हतियार सहित उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## घुमुवा प्रहरी हुँ भन्दै डर धाकधम्की दिएको अभियोगमा पक्राउ

*रौतहट, १५ असार*

आफू नेपाल प्रहरीको घुमुवा प्रहरी हुँ भन्दै डर धाकधम्की देखाई सर्वसाधरणलाई दु:ख हैरानी दिएको अभियोगमा चन्द्रपुर नगरपालिका-९ सिन्धुरेघारी टोल बस्ने ३२ वर्षीय सुमन बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । चन्द्रपुर नगरपालिका-४ स्थित राजमार्गका यात्रुलाई, सोही ठाउँस्थित चोकमा मानिसहरुलाई र स्थानीय होटलहरूमा एक व्यक्तिले अनावश्यक हैरानी दिइरहेको भन्ने सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय चन्द्रपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर अभद्र व्यवहार शीर्षक मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट ६ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ।

## बोक्सीको आरोप लगाई कुटपिट गर्ने २ जना पक्राउ

*सिरहा, १४ असार*

६० वर्षीया महिलालाई बोक्सीको आरोप लगाई कुटपिट गरेको अभियोगमा भगवानपुर गाउँपालिका-४ ठाडी बस्ने ५० वर्षीया कोशिला देवी साह र उनकै बुहारी ३५ वर्षीया फुलकुमारी साहलाई प्रहरीले पक्राउ गरेको छ।

उनीहरुले बोक्सीको आरोप लगाई कुटपिट गर्दा घाइते भएकी पीडित महिलालाई उपचारको लागि लहान अस्पतालतर्फ पठाइएको छ । प्रहरी चौकी ठाडीबाट खटिएको प्रहरीले कुटपिट गर्ने दुवै जनालाई पक्राउ गरेको हो। उनीहरु उपर बोक्सी आरोप सम्बन्धी कसूर मुद्दामा जिल्ला अदालत सिरहाबाट ७ दिन म्याद थप गरी प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०२।१६ गते दिनको अन्दाजी १६:४० बजेको समयमा परिवर्तित वतन जिल्ला ०३-०१-१-९ स्थित अनाथालय गृहमा रहेको कार्य समितिको अफिसमा जिल्ला इलाम, इलाम नगरपालिका वार्ड नं. ९ स्थित राहसल वाल अनाथलय गृहका सचिव ऐ. बस्ने बर्ष ४५ को कविन्द्र राईले सोहि अनाथालय बस्ने बर्ष १४ को पीडीत परिवर्तित नाम "इलाम - व(०७८/०७९)"लाई जवरजस्ती करणी गरी यो कुरा कसैलाई नसुनाउनु सुनाईस भने तँलाई कुट्छु भनी डर देखाएको भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित जिल्ला अदालत ईलाममा मिसिल पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०३।२२ गतेको आदेश अनुसार निज प्रतिवादी पुर्पक्षको लागि कारागार कार्यालय इलाम गएको।

## आत्महत्या दुरुत्साहन मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९/०२/१८ गते अं.०१:०० बजेको समयमा का.जि.बुढानिलकण्ठ नगरपालिका वडा नं.१० कपन स्थित रहेको उमेश श्रेष्ठको घरको दोश्रो तलाको शौचालय भित्र जिल्ला काभ्रेपलाञ्चोक भुम्लु गा.पा. वडा नं.५ घर भई हाल का.जि.बुढानिलकण्ठ न.पा. वडा नं. १० कपन बस्ने वर्ष २४ को बिरमान तामाङले जाहेरवालाकी छोरी बर्ष १९ की यसोदा कार्कीसँग ६ महिना देखि संगै बसेको र विवाह गर्ने भनी एउटै कोठामा बस्दै आऐकोमा प्रतिवादीले बिभिन्न कुराको रिसिबी राखी मानसिक यातना दिने गरेकोले यसोदा कार्कीले आफ्नै घाँटीमा पासो लगाई झुण्डी मृत फेला परेकोले प्रतिवादीलाई कानुन बमोजिम गरिपाँउ भन्ने ब्यहोराको रुद्र बहादुर कार्कीको किटानी जाहेरी दरखास्त प्रहरी बृत्त, बौद्ध, काठमाडौंमा प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०७९/०३/१२ गतेको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार थुनामा गएको।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०२।१६ गते दिनको अन्दाजी १६:४० बजेको समयमा परिवर्तित वतन जिल्ला ०३-०१-१-९ स्थित अनाथालय गृहमा रहेको कार्य समितिको अफिसमा जिल्ला इलाम, इलाम नगरपालिका वार्ड नं. ९ स्थित राहसल वाल अनाथलय गृहका सचिव ऐ. बस्ने बर्ष ४५ को कविन्द्र राईले सोहि अनाथालय बस्ने बर्ष १४ को पीडीत परिवर्तित नाम "इलाम - व(०७८/०७९)"लाई जवरजस्ती करणी गरी यो कुरा कसैलाई नसुनाउनु सुनाईस भने तँलाई कुट्छु भनी डर देखाएको भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित जिल्ला अदालत ईलाममा मिसिल पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०३।२२ गतेको आदेश अनुसार निज प्रतिवादी पुर्पक्षको लागि कारागार कार्यालय इलाम गएको।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९/०२/२९ गते अं. ०२:०० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. ६ बौद्ध च्याङ्चुङ गल्ली स्थिर रहेको झ्याम्पा ढिल्ले शेर्पाले संचालन गरेको लुम्तामा होटलमा जाहेरवाली वर्ष २४ की परिवर्तित नाम बौद्ध १४० (०७८/०७९) लाई प्रतिवादी रिन्जेन शेर्पा, रितेश तामाङ र उत्तरमान मोक्तानले होटलको कोठा भित्र लगी जवरजस्ती ईच्छा बिपरित पालैपालो करणी गरेको र उक्त कार्य गर्नमा होटल संचालकले कोठा उपलब्ध गराएकोले निज प्रतिवादीहरुलाई कानून बमोजिम गरिपाँउ भन्ने ब्यहोराको किटानी जाहेरी दरखास्त प्रहरी बृत्त, बौद्ध, काठमाडौंमा प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०७९/०३/२७ गतेको आदेशले होटल संचालक झ्याम्पा ढिल्ले शेर्पालाई रु.१०,००,०००/- (दश लाख) धरौटी माग भएकोमा निज उक्त धरौटी रकम दाखिला गरी छुटेको, अन्यको हकमा प्रतिवादीहरु पुर्पक्षको लागि थुनामा गएको।

## मा.बे.बि. तथा ओसारपसार मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०१।२६ गते दिनको अन्दाजी १७:०० बजेको समयमा जिल्ला कपिलबस्तु कृष्णनगर नगरपालिका वडा नं. २ यात्रुगेट स्थित नेपाल भारत सिमा क्षेत्र दशगजा नजिकै सोही स्थानमा डिउटिमा रहेका आफन्त नेपालका कर्मचारीले समाती मलाई शंका लागी सोधपुछ गर्दा मैले मेरो भए गरेको सहि सत्य सम्पुर्ण कुरा बताए पश्चात सोही संस्थाबाट उक्त संस्थाले मलाई निज प्रेम बहादुर थापा नाम बताउने प्रेम नेपालीले ललाई फकाई डर त्रास देखाई झुक्यानमा पारी भारतमा लगी बेचबिखन गर्ने नियतले लिई गई भारतमा बेचबिखन गरी आफुले आर्थिक लाभ लिने मनसायले पिडित परिवर्तित नाम ५१ (३४) कृष्णनगरलाई भारत तर्फ लग्न लागेको भन्ने थाहा पाए पश्चात निज प्रतिवादीलाई सोधपुछ गर्दा निजको यस भन्दा पहिला दुई वटा श्रीमती रहेको भन्ने कुरा थाहा पाएको हुदाँ निजले मलाई भारतमा बेचबिखन गर्ने उद्देश्यले लिई जान लागेकोले निज उपर मानव वेचबिखन तथा ओसार पसार मुद्दामा कानुन बमोजिम कारवाही गरिपाँउ भन्ने जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात मिसिल सम्मानित कपिलवस्तु जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०२।२० गतेको आदेशले आदेशले निज प्रतिवादी प्रतिवादी प्रेम कुमार थापा नाम बताउने प्रेम बहादुर सार्की नेपाली पुर्पक्षको लागि थुनामा गएको ।

## कर्तब्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८।१०।०६ गते दिउसो छोरा विजय चौधरी आफ्ना साथीहरुसंग रुपन्देहीको भैरहवातर्फ घुम्न जाने भनि घरबाट हिडेकोमा मिति २०७८।१०।०८ गते जिल्ला नवलपरासी रामग्राम नगरपालीका वडा नं.९ स्थित जोकवार भन्ने स्थानको सडक किनारको नालीमा छोराको घाटी कसेको, दुवै हात पछाडि लगि बाधेको अवस्थामा लाश फेला परेको भन्ने जानकारी पाई म लगायत मेरो जेठो छोरा समेत भई पृथ्विचन्द्र अस्पताल परासीको शवगृहमा आई छोराको मृतक लाश हेर्दा देखी चिने, मेरो छोरा विजय चौधरीलाई कँहा बस्ने को को व्यक्तिहरु मिलि कर्तव्य गरी मारी सो स्थानमा लगि लाश फालेका हुन यस कार्यालयबाट अनुसन्धान गरी घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ गरी कानुन बमोजिम सजाय समेत गरी पाँउ भन्ने समेत व्यहोराको जिल्ला कपिलबस्तु शुद्धोधन गा.पा. वडा नं. १ उज्दीहवा घर हाल जिल्ला काठमाण्डौ काठमाण्डौ म.न.पा. वडा नं. २५ बस्ने बर्ष ५८ की तुल्सी कुमाल (९८०८६१४४५०)ले जाहेरी दरखास्त दिएकोमा अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित नवलपरासी जिल्ला अदालतमा पेस हुँदा सम्मानित अदालतको मिति २०७८।११।१५ गतेको आदेशानुसार पक्राउमा परेका प्रतिवादीहरु मध्ये जित बहादुर श्रेष्ठसँग रु.५०,०००/-(पचास हजार मात्र), तलत अलि खान, शारदा कुमारी सहानी र हदिसुन नेशासंग जनही रु.१,००,०००/- (एक/एक लाख मात्र), बसन्त सहानीको हकमा रु.१,५०,०००/- (एक लाख पचास हजार मात्र) धरौटी माग भई आएको हुँदा उक्त धरौटी राखी तारेखमा छुटेको र राजु शाह भन्ने मंजुर आलम देवान पुर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्


**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल, काठमाडौ**

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np मोबाईल: ९८५१२९८१९८ फोन: ०१-४४१२७४८